कोशी प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

## पत्रकार लेखनवृत्ति कार्यक्रम अन्तर्गत सम्पादन मण्डलको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रकाशन मितिः २०८२/१२/१०**

कोशी प्रदेशलाई कार्यक्षेत्र बनाई क्रियाशिल पत्रकारहरुलाई लक्षित गर्दै सुशासन अभिवृद्धिका लागि सूचना तथा सञ्चार क्षेत्रको विकास गरी प्रादेशिक विषयका खोजमूलक, अनुसन्धानमूलक समाचार सामग्री उत्पादन, प्रकाशन तथा प्रसारण गर्न, गराउन तथा अनुसन्धानको दायरालाई फराकिलो बनाएर पत्रकारिताको गुणस्तर वृद्धिमा प्रोत्साहन गर्न स्वीकृत "पत्रकार लेखनवृत्ति कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८२" को दफा ९ अनुसार लेखनवृत्ति प्रकाशन सामाग्रीलाई सुपरिवेक्षण गर्न कार्यक्रम सञ्चालन अवधिभरका लागि बढीमा १० जना सम्पादक मण्डल छनोट गर्ने प्रावधान अनुसार ईच्छुक देहाय बमोजिम योग्यता पुगेका व्यक्तिले रीतपूर्वक निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

**आवेदन गर्ने व्यक्तिको योग्यताः**

(क) पत्रकारिता क्षेत्रमा कम्तीमा १० वर्ष काम गरेको अनुभव,

(ख) कुनै पनि सञ्चार माध्यममा सम्पादक भई २ वर्ष कार्य अनुभव,

(ग) कम्तीमा स्नातक तह उत्तिर्ण भएको ।

**पेश गर्नु पर्ने कागजातः**

क) निवेदन,

ख) पत्रकारिता क्षेत्रमा कम्तीमा १० वर्ष काम गरेको अनुभव भएको प्रमाण खुल्ने कागजात,

ग) कुनै पनि सञ्चार माध्यममा सम्पादक भई २ वर्ष कार्य अनुभव भएको प्रमाण खुल्ने कागजात,

घ) कम्तीमा स्नातक तह उत्तिर्ण भएको प्रमाणपत्र।

**थप जानकारीः**

क) विगतका आर्थिक बर्षमा सम्पादक मण्डलमा छनोट नभएकालाई पहिलो प्राथमिकता दिइने छ ।

ख) इमेल मार्फत आवेदन पेश गर्न ईच्छुक व्यक्तिले सम्पूर्ण कागजातहरुको एउटा pdf फाईल बनाई मन्त्रालयको Mail Address: fellowship2082koshi@gmail.com मा पठाउन सक्नुहुनेछ।

ग) यस सूचनामा नखुलेको विषयवस्तु पत्रकार लेखनवृत्ति कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८२ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

१२/१०

उपसचिव